# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ७)  बेसीशहर, माघ ७ गते, २०८१ साल (संख्या ९**

**भाग १**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (१) बमोजिम बेसीशहर नगरपालिकाको मिति २०८१/१०/०७ को १६ औँ नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## स्थानीय उद्योग दर्ता, सुचिकृत,  संचालन, व्यवस्थापन र नियमन ऐन, २०८१

प्रस्तावना:

बेसीशहर नगरपालिका क्षेत्रभित्र संचालन हुने उद्योग दर्ता, सूचिकृत, संचालन, व्यवस्थापन तथा नियमनलाई सरल र सहज बनाई उद्यमशीलताको प्रवर्धन तथा विकास गरि खुला, स्वच्छ र प्रतिसपर्धात्मक बजार मार्फत उपभोक्ताहरुलाई बस्तु तथा सेवाको पहुँच सहज र सुलभ वनाई वस्तु तथा सेवाको उत्पादन वृद्धि ,बजारी करण र व्यवसायीकरणको माध्यमवाट नगरपालिकाको आर्थिक विकास र समवृद्धि हाँसील गर्न कानुनी व्यवस्था गर्न वाञ्छानीय भएकोले,

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद – १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "**बेसीशहर नगरपालिकाको स्थानीय उद्योग दर्ता, सुचीकृत संचालन, व्यवस्थापन र नियमन ऐन २०८१**" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृति भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**उद्योग नियमन शाखा**" भन्नाले नगरपालिकाको स्थानीय उद्योग सम्बन्धी बिषय हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्दछ।

(ख) **"कार्यपालिका"** भन्नाले बेसीशहर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) **"उद्योग"** भन्नाले दफा ६ को उपदफा (१) खण्ड (ख) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ।

(घ) **"तोकिएको"** वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्दछ।

(ङ) "**नगरपालिका**" भन्नाले बेसीशहर नगरपालिकालाई सम्झनु पर्दछ।

(च) "**प्रमुख**" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ।

छ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ज) "**लघु उद्यम**" भन्नाले दफा १६ को उपदफा (१) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ।

(झ) "**वाताबरणीय अध्ययन प्रतिवेदन**" भन्नाले कुनै प्रस्तावको कार्यन्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाब पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभाबलाई कुनै उपायबाट निराकरण वा न्यूनीकरण गर्नका लागि अबलम्बन गरिने उपायको सम्बन्धमा बिस्तृत रुपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनु पर्छ।

(ञ) "**स्थानीय उद्योग**" भन्नाले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने उद्योगलाई जनाउँछ। सो शब्दले स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित लघु, घरेलु तथा साना उद्योगलाई रसंघीय तथा प्रदेश कानुनले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने भनि तोकेको उद्योगलाई समेत जनाउँछ।

(ट) "**समिति**" भन्नाले दफा २८ बमोजिमको स्थानीय उद्योग प्रवर्द्धन समिति सम्झनु पर्छ।

(ठ) "**साना उद्योग**" भन्नाले दफा १६ को उपदफा (१) खण्ड (ग) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## स्थानीय उद्योग दर्ता, नविकरण र नियमन

३. **उद्योग दर्ता गर्नुपर्ने:** (१) नगरपालिकाभित्र स्थानीय उद्योगको स्थापना वा संचालन गर्नका लागि यस ऐन बमोजिम दर्ता नगराई सञ्चालन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानुन बमोजिम दर्ता भइ नगरपालिकाभित्र सञ्चालनमा रहेका स्थानीय उद्योग ऐन बमोजिम स्वत: दर्ता भएको मानिनेछ।

(३) उपदफा(३) बमोजिम संचालनमा रहेका उद्योगले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उद्योग नियमन शाखामा अभिलेख गरी अद्यावधिक गर्नु पर्नेछ।

(४) उपदफा(२) बमोजिम दर्ता भएको उद्योगले नविकरण गराउन उद्योग नियमन शाखामा निवेदन दिनु पर्ने छ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण कागजात सहित तोकिएको ढाँचामा उद्योग नियमन शाखा समक्ष निवेदन दिनु पर्नेछ :–

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा बिदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ख) निवेदक फर्म वा कम्पनि भएमा फर्म वा कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि, प्रवन्धपत्र, नियमावली।

(ग) उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारी उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौताको प्रतिलिपि,

(च) उद्योग स्थापना गर्ने नगरपालिकाको सम्बन्धित वडाको सिफारिस,

(छ) जग्गा तथा घर भाडामा लिएको भएमा सो को करार सम्झौता,

(ज) कुनै शाखा वा कार्यालयको राय आवश्यक पर्ने भएमा सोको कागजात

(झ) तोकिएको अन्य आवश्यक कागजात।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा उद्योग नियमन शाखाले निर्धारण गरे बमोजिम विधुतीय माध्यमबाट समेत दिन सकिनेछ।

५. **उद्योगदर्ताको सिफारिस लिनुपर्ने :–** (१) स्थानीय उद्योग बाहेक अन्य उद्योग नगरपालिका भित्र दर्ता र संचालन गर्न चाहेमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित उद्योग नियमन शाखामा सिफारिसका लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनहरु उद्योग नियमन शाखावाट नगर कार्यपालिका वैठक समक्ष पेश गर्नुपर्नेछ।

(३) नगरकार्यपालिका समक्ष पेश भएका निवेदन उपर आवश्यक जाँचवुझ गरि दर्ताको लागि नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

६. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने :** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र उद्योग नियमन शाखाले निवेदन माग भए बमोजिमको तोकिएको शुल्क लिई उद्योग दर्ता गरी तोकिए बमोजिमको ढांचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा(१) बमोजिम निवेदन जाँच बुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा सात दिनभित्र उद्योग नियमन शाखाले निवेदकलाई पेश गर्न लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन वा सिफारिस अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निबेदकलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्ति देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ;

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु।

(५) उद्योग दर्ता गरेपछि प्रचलित कानुन बमोजिम "वातावारणिय अध्ययन प्रतिवेदन" आवश्यक पर्ने भएमा सो कार्य सम्पन्न पछि मात्र उद्योग स्थापना, संचालन, व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ।

७. **नवीकरण तथा दण्ड जरिवाना:** (१) दफा (४) बमोजिम दर्ता भएको उद्योग, व्यवसाय प्रत्येक आर्थिक वर्षको अन्त्य सम्ममा प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरेको करचुक्ता प्रमाणपत्र, दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, वडा कार्यालयको सिफारिस तथा अन्य आवश्यक कागजातहरु सहित नगर कार्यपालिकाको कार्यालयवाट वार्षिक रुपमा नगरसभाबाट निर्धारण गरिए वमोजिम दस्तुर तिरी आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नविकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग, व्यवसाय नविकरण नगर्ने व्यक्तिबाट प्रत्येक वर्षको लाग्ने कर रकमको २५ प्रतिशतको दरले थप दण्ड जरिवाना लिई नविकरण गरिदिनु पर्नेछ।

८. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने :**

(१) उद्योग संचालनको क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ।

(२) उद्योग नियमन शाखाले वातावरण लगायतका सम्बन्धमा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगको दायित्व हुनेछ।

९. व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी दिनुपर्ने: (१) यस ऐन बमोजिम दर्ता भएको स्थानीय उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग संचालन वा

आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ र उद्योग नियमन शाखालाई तोकिए बमोजिमको ढाँचामा निवेदन दिई सोको जानकारी १५ दिन भित्र गराउनु पर्नेछ।

(२) कुनै उद्योगले उपदफा(१) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्र उल्लिखित अवधि समाप्त भएको मितिले १ महिनाभित्र त्यस्तो प्रमाणपत्रमा उल्लिखित अवधि बढाउनका लागि उद्योग नियमन शाखा समक्ष निवेदन दिन सक्नेछ । अनुमतिपत्र लिनु पर्ने बाहेकका यो ऐन लागु हुनु अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत संचालन वा उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा समेत यो ऐन प्रारम्भ भएको मितिले १ महिनाभित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ।

(३) उपदफा(२) बमोजिम निवेदन प्राप्त हुन आएमा र कारण मनासिब देखिएमा नगरपालिकाको उद्योग नियमन शाखाले त्यस्तो उद्योगको संचालन वा व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउँदा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगायतको कामको प्रगति हेरी लघु उद्योगको हकमा पाँच हजार, घरेलु उद्योगको हकमा दश हजार र साना उद्योगको हकमा प्रति वर्ष पच्चीस हजारका दरले जरिवाना लिई उद्योग संचालन वा व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ।

(५) उपदफा (३) बमोजिम अवधि बढाइएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको संचालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको अवधिभित्र उद्योग संचालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा वा उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग संचालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वत: खारेज हुनेछ।

(७) उपदफा (६) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र खारेज भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई खारेज भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

**१०. अवधि थपको लागि निवेदन दिन सक्ने :**

(१) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग संचालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकी त्यस्तो अवधि बढाउनुपर्ने भएमा त्यसरी अवधि बढाउनुपर्ने आधार र कारण सहित उद्योग नियमन शाखा समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा उद्योग नियमन शाखाले प्राप्त निवेदनको सम्बन्धमा निवेदकबाट थप कुनै विवरण, कागजातवा जानकारी माग गर्नु पर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरी आवश्यक जाँच बुझ गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जाँच बुझ गर्दा व्यहोरा मनासिब देखिएमा त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योगको प्रकृति, उद्योग संचालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नु पर्ने औचित्य समेतको आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उद्योगको संचालन वा व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न अवधि थप गर्न सकिनेछ।

**११. अनुगमन गर्ने :**

(१) उद्योग नियमन शाखाले उद्योग दर्ता प्रामाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको शिलशिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योग/फर्म को कर्तब्य हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग संचालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग नियमन शाखाले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस वा समन्वय गर्न सक्नेछ।

## परिच्छेद ३

## उद्योग स्थानान्तरण सम्वन्धि व्यवस्था

**११. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने :**

(१) कुनै एक ठाउँमा संचालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई देहायका विवरण र कागज सहित तोकिए बमोजिमको ढाँचामा उद्योग नियमन शाखामा निवेदन दिनु पर्नेछ :–

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने सम्बन्धित वडाको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योग संचालन गर्दा ऐन वा प्रचलित कानुन बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्रदान गरेको भए त्यस्तो निकायको सहमति।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछी कारण मनासिब देखिएमा तोकिए बमोजिमको उद्योग स्थानान्तरणको लागि उद्योग नियमन शाखाले स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँच बुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिब नदेखिएमा उद्योग नियमन शाखाले सोको जानकारी सात दिनभित्र निबेदकलाई दिनु पर्नेछ।

(४) उद्योग स्थानान्तरण सम्बन्धि अन्य व्यवस्था उद्योग नियमन शाखा र नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**१२. विवरण उपलब्ध गराउनुपर्ने:** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेपछि देहाय बमोजिमको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र उद्योग नियमन शाखा समक्ष पेश गर्नु पर्नेछ :–

(क) लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत वा जडित क्षमता,

(घ) तोकिए बमोजिमको ढाँचामा तयार गरेको अद्यावधिक विवरण।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विधुतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछी कार्यपालिकाले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ।

**१३. उद्योगबन्द गरेमा जानकारी दिनुपर्ने :**

यस ऐन बमोजिम दर्ता भएको उद्योगकुनै कारणले बन्द भएमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन भएको मितिले सात दिनभित्र उद्योग नियमन शाखालाई तोकिए बमोजिम जानकारी दिनु पर्नेछ।

## परिचछेद ४
## उद्योगको दर्ता खारेजी सम्वन्धि व्यवस्था

**१४. उद्योगको दर्ता खारेजी गर्न निवेदन दिन सकिने:** (१) कुनै कारणले उद्योग संचालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग नियमन शाखा समक्ष देहाय बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ:–

(क) मान्यता प्राप्त मूल्यांकन कर्ताबाट तयार गरिएको उद्योगको जायजेथा मूल्यांकन प्रतिवेदन,

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिवेदन,

घ) लिक्विडेटर नियुक्ति गरेको भए त्यस्तो लिक्विडेटरले पेश गरको उद्योगको खारेजी सम्बन्धि प्रतिवेदन

(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ताको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको बिरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्यमीले गरेको स्व: घोषणा तर उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो

मुद्दाको अन्तिम किनारा हुँदाको बखत ठहर्न सक्ने दायित्व बराबरको रकम कार्यपालिकामा धरौटीको रुपमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपिलकाले सो उद्योगसंग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए सो को प्रमाण सहित ३५ दिन भित्र उद्योग नियमन शाखामा लिखित दाबी पेशर नगरस्तरको दैनिक पत्रिका मासार्वजनिक सुचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सुचना अनुसार सो अवधिभित्र कसैको दाबि परी जाँचबुझ गर्दा त्यस्तो दाबि पूर्ण वा आंशिक रुपमा ठिक ठहरेमा सोहि बमोजिमको दायित्व फरफारक गर्न कार्यपालिकाले सम्बन्धित उद्योगलाई आदेश दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जारी आदेश अनुसार सम्बन्धित उद्योगले दायित्व फराफारक गरेको देखिएमा उद्योग नियमन शाखाले सात दिन भित्र तोकिएको शुल्क लिई सो उद्योग दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको आदेश अनुसार फराफारकको कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन।

**१५. उद्योगको स्थिर पुँजी वा क्षमता परिवर्तन गर्न स्वीकृति लिनुपर्ने :**

(१) कुनै उद्योगले यस ऐन बमोजिम उद्योगको स्थिर पुँजी वा क्षमतामा परिवर्तन गर्न चाहेमा उद्योग नियमन शाखा समक्ष देहायका विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः–

(क) अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) तोकिए बमोजिमकोउद्योगको अद्यावधिक विवरण,

(घ) उद्योगको प्रबन्धपत्र, नियमावली र कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदार बिचको सम्झौताको प्रतिलिपि,

(च) अन्य कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा त्यस्तो सिफारिस पत्र।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको साबिकको स्थिर पुँजी परिवर्तन वा उद्योगको क्षमता परिवर्तन गर्न मनासिब देखिएमा उद्योगनियमन शाखाले आवश्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गरि वा गराई प्रतिवेदन लिइ उद्योगको हाल कायम रहेको स्थिर पुँजीमा परिवर्तन वा उद्योगको क्षमता परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ।

## परिच्छेद–५

## उद्योगको वर्गीकरण

**१६. उद्योगको बर्गीकरण:** (१) यस ऐनको प्रयोजनको लागि स्थानीय उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :–

(क) लघुउद्यम: देहायको अबस्था भएको उद्योगलाई लघुउद्यम मानिनेछ :–

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैंयाँ सम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको संचालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा ९ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोवार पचास लाख रुपैंया भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिन खपत हुने विधुतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको।

(ख) घरेलु उद्योग: देहायको अबस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :–

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रबिधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाट सम्मको क्षमताको विधुतीय उर्जा प्रयोग गरेको, र

(४) अनुसूची–१ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

(ग) साना उद्योग: लघुउद्यम र घरेलु उद्योगबाहेकको दश करोड रुपैँयासम्म स्थिर पुँजी भएको उद्योगलाई साना उद्योग मानिनेछ।

(घ) प्रदेश कानुन बमोजिम नगरपालिकामा दर्ता गरिने उद्योगहरु यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(ङ) संघीय कानुन बमोजिम नगरपालिकामा दर्ता गरिने उद्योगहरु यस ऐन र तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने बस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम बर्गिकरण गरिनेछ :–

**(क) उर्जामुलक उद्योग:** उर्जा उत्पादन गर्ने व्यवशायमा संलग्न अनुसूची–२ मा उल्लिखित उद्योगहरु।

**(ख) उत्पादन मुलक उद्योग:** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी माल वस्तु उत्पादन गर्ने उद्योगहरु।

**(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग:** कृषि वा बन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै बस्तु उत्पादन गर्ने वा कृषि वा बन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै बस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसंग सम्बन्धित अनुसूची–३ मा उल्लिखित उद्योगहरु।

**(घ) खनिज उद्योगहरु :** ढुंगा, गिट्टी, बालुवा लगायत नदिजन्य र खनिज पदार्थ उत्खनन वा प्रशोधन गरि कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

**(ङ) पर्यटन उद्योग:** पर्यटन सेवासँग सम्बन्धित अनुसूची–४ मा उल्लिखित उद्योगहरु ।

**(च) सुचना, प्रसारण तथा संचार प्रविधिमा आधारित उद्योग:** सुचना संकलन प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सुचना, संचार वा सुचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची–५ मा उल्लिखित उद्योगहरु ।

**(छ) सेवामुलक उद्योग:** सेवामुलक व्यवसाय सँग सम्वन्धित अनुसूची-६ मा उल्लेखित उद्योगहरु ।

**(ज) स्थानीय प्राथमिकतामा आधारित उद्योग:** स्थानीय प्राथमिकतामा आधारित उद्योग भन्नाले अनुसूची-७ मा उल्लेखित उद्योगहरु ।

## परिच्छेद– ६

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

**१७. कर सम्बन्धी छुट, सुविधा वा सहुलियत:–** (१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई संघीय कानुन बमोजिम प्राप्त छुट, सुविधा वा सहुलियत अनतिक्रम्य हुनेछ।

(२) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई कार्यपालिकाले थप छुट सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र(२) मा उल्लेख भए बमोजिमको उद्योगलाई देहायका थप छुट, सुविधा वा सहुलियत उपलब्ध गराइनेछ ।

(क) नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्कर सुचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्यांक, प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिंग सम्बन्धित उद्योगलाई पाँचबर्ष सम्म व्यवसाय कर पचास प्रतिशत छुट पाउनेछ ।

(ख) देहायको संख्यामा स्थानीय नागरिकलाई रोजगारी दिने उद्योगलाई देहाय बमोजिमको छुट सुविधा प्रदान गरिनेछः–

(१) बीस वा सो भन्दा बढीस्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सुचना तथा संचार प्रबिधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको चालिस प्रतिशत,

(२) २५ वा सो भन्दा बढीस्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सुचना तथा संचार प्रविधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको तीस प्रतिशत,

(३) उपखण्ड(१) वा(२) बमोजिम रोजगारी प्राप्त स्थानीय नागरिकमध्ये कम्तिमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरु रहेमा त्यस्तो उद्योगलाई सो वर्षको व्यवशाय करमा थप बिस प्रतिशत।

(ग) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, सिमान्तकृत र "ग" श्रेणीसम्मको अशक्तता भएका अपाङ्गता भएका उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानुन बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ र तिन बर्ष सम्म व्यवसाय करमा पन्ध्र प्रतिशत छुट हुनेछ।

(घ) यो ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेका घरेलु र साना उद्योगलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भइ संचालनमा आएको घरेलु तथा साना उद्योगलाई व्यवसाय वा कारोवार शुरु गरेको मितिले न्यूनतम तिन वर्षसम्म व्यवसाय कर बीस प्रतिशत छुट हुनेछ।

(ङ) कार्यपालिकाले तोकेको भौगोलिक क्षेत्र वा वर्गीकृत क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघुउद्यम, घरेलुर साना उद्योगलाई बिउ पुँजी (सिडक्यापिटल) को रुपमा कार्यपालिकाले निर्णय गरि तोके बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(च) स्थानीय उद्योगले पाउने अन्य छुट सुविधा र सहुलियत कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१८. **लघुउद्यमको लागि अन्य सुविधा एवं सहुलियत :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघुउद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।

१९. **जग्गा सम्बन्धी व्यवस्था:** यस ऐन वा प्रचलित कानुन बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानुन बमोजिम आफैले खरिद तथा भाडा/लिजमा लिनुपर्ने। तर तोकिए बमोजिमको उद्योग संचालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोहि व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा लिजमा उपलब्ध गराइदिन अनुरोध गरेमा कार्यपालिकाले जग्गा खरिद वा जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्नेछ।

२०. **लिजमा जग्गा उपलब्ध गराउने :–**

(१) राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उद्योग संचालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन नगर प्रमुख समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन सम्बन्धित निकायमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रचलित कानुन बमोजिम त्यस्तो जग्गा उद्योग संचालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरु नेपाल सरकार र सम्बन्धित उद्योग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(५) जग्गाको लिज सम्बन्धि अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२१. **छुट, सुविधा वा सहुलियतको प्रत्याभूति :** यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ संचालनमा रहेका स्थानीय उद्योगलाई यस ऐन र प्रचलित कानुन बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन।

२२. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था :** प्रचलित कानुन बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार औद्योगिक सुरक्षाको अतिरिक्त स्थानीय स्तरमा सुरक्षित संचालनको वातावरण बनाइ राख्न नगर कार्यपालिकाले आवश्यक सहयोग, समन्वय वा सहजीकरण गर्नेछ।

२३. **अनुदान दिन सक्ने :** कुनै स्थानीय उद्योगलाई विपद, बन्द हड्ताल जस्ता आपतकालीन अबस्थामा उद्योगले अकल्पनीय क्षति ब्यहोरेमा नगर कार्यपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

२४. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने :** यस ऐन बमोजिम उद्योगले प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिइएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन।

## परिच्छेद – ७
## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

२५. **एकल बिन्दु सेवा केन्द्र स्थापना :–** (१) यस ऐन तथा प्रचलित अन्य कानुन बमोजिम उद्योग वा लगानी कर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी उद्योग नियमन शाखाले एकल विन्दु सेवा केन्द्रको काम गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना नभएसम्म वा नतोकीए सम्मका लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउने कार्य उद्योग नियमन शाखाले गर्नेछ।

## परिच्छेद – ८
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**२६. सजाय सम्बन्धी व्यवस्था:–** (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ;

(क) यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा संचालन गरेको पाइएमा,

(ख) दफा ७ बमोजिम वातावरण प्रतिकूल असरको निराकरण नगरेको पाइएमा,

(ग) दफा १२ बमोजिमको विवरण उपलब्ध नगरेको पाइएमा,

(घ) दफा १३ बमोजिमको विवरण तोकिएको अवधि भित्र जानकारी उपलब्ध नगरेमा,

(ङ) दफा २४ बमोजिम स्थानीय उद्योगलाई प्राप्त छुट, सुविधा वा सहुलियतको दुरुपयोग गरेको पाइएमा, (च) दफा ३५ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी पुरा नगरेमा ।

(२) उपदफा (१) बमोजिमको कार्य गरेको ठहरिएमा सम्बन्धित व्यक्ति वा उद्योगलाई प्रमुख प्रशासकीय अधिकृतले पचास हजार देखि तीन लाख रुपैयाँ सम्म जरिवाना तोक्न सक्नेछ ।

## परिच्छेद – ९

## स्थानीय उद्योग प्रवर्द्धन समिति

**२९. स्थानीय उद्योग प्रवर्द्धन समितिको गठन:–** (१) नगरपालिका क्षेत्रमा लघुउद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाए बमोजिमको उद्योग प्रवर्द्धन समिति रहनेछ:–

(क) नगरप्रमुख – अध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ख) नगर प्रमुखले नगर कार्यपालिका सदस्यहरुमध्ये बाट मनोनय नगरेको एक जना महिला सहित बढीमा दुइ जना – सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(घ) नगरपालिका स्थित स्थानीय उद्योगसंग सम्बद् छाता संगठनका प्रतिनिधिहरु मध्येबाट कार्यपालिकाले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित बढीमा दुइ जना

– सदस्य

(ङ) प्रमुख, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/समिती – सदस्य

(च) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्ने संस्थाहरु मध्यबाट कार्यपालिकाले मनोनय नगरेको एक प्रतिनिधि – सदस्य

(छ) शाखा प्रमुख, सम्वन्धित शाखा – सदस्य सचिव

(२) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिले बैठकमा आवश्यकता अनुसार बिषय बिज्ञ, सरोकारवाला निकाय एवं सम्बद् उद्योग ब्यबसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालयको काम उद्योग नियमन शाखाले गर्नेछ।

(४) उपदफा (१) को खण्ड (घ) र (च) बमोजिमका मनोनित सदस्यको कार्यकाल दुइ वर्षको हुनेछ।

**३०. समितिको काम, कर्तब्यर अधिकार :** (१) दफा २९ बमोजिम गठन भएको समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) नगरपालिकाको औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) नगरपालिकामा रहेका उद्योग संचालनमा कुनै बाधा, अड्काउ वा दुबिधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) स्थानीय उद्योगको विकास प्रवर्द्धन गर्ने,

(घ) औद्योगिक प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल गर्ने,

(ङ) नगरपालिकाको औद्योगिक विकासको स्थितिको समग्र मूल्यांकन तथा समीक्षा गरि आवश्यक कदम चाल्न जिल्ला समन्वय समिति समक्ष सुझाब तथा सिफारिस गर्ने,

(च) प्रचलित कानुन बमोजिम उद्योगले पाउने सेवा सुविधा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाइ आइपरेमा सोको निराकरणका लागि आवश्यक पहल गर्ने,

(छ) उद्योगीको गुनासो सुनुवाई गरि समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ज) नगरपालिकाको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाब दिने,

(झ) सार्वजनिक, निजि र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र समन्जस्यपूर्ण सहकार्यमा नगरपालिकामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) जिल्लामा औधोगीकरणको गतिलाई तिब्रता दिन औद्योगिक पूर्वाधारको लागि आवश्यक कार्य गर्ने वा गराउने,

ट) औद्योगिक ग्राम (PPE-Public Private Partnership) सरकारी निजि सहकार्यता मोडेलमा स्थापना गर्न सहजीकरण गर्ने,

(ठ) उद्योग तथा लगानी प्रवद्धन सम्बन्धि स्थानीय तहमा कार्यन्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि आवश्यक सहयोग गर्ने,

(ड) स्वदेशी बस्तुको प्रवद्धन सम्बन्धि कार्य गर्ने,

(ढ) उद्योग प्रवद्धनको लागि सम्बन्धित प्रदेश तथा संघिय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने,

(ण) उद्योग क्षेत्रको विकास र प्रवद्धन लागि अन्य आवश्यक कार्य गर्ने ।

(२) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

## परिच्छेद – ८

## बिबिध

**३१. औद्योगिक जनशक्ति :–** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरस्तरको पत्रिकामा बिज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिक मध्येबाट उपलब्ध हुन नसकेमा श्रम बिभागको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले वदेशी नागरिकलाई नियुक्त गर्न सक्नेछ ।

(३) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको संचालन तथा त्यसको उत्पादनमा बाधा अबरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारवाही गर्न पाउने छैनन् ।

तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा विवादको समाधान गर्न यो उपदफाले बाधा पुर्याएको मानिने छैन।

(४) उपदफा (३) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि स्थानीय उद्योग प्रवर्धन समितमा त्यस्ता विवाद पेश गर्न सकिनेछ। समितिवाट यस सम्बन्धमा भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षले पालना गर्नु पर्नेछ।

**३२. रुग्ण उद्योगको पहिचान, बर्गिकरण र सुविधा, सहुलियत तथा छुट:–**

(१) रुग्ण उद्योगको पहिचान संघिय सरकारको प्रचलित औद्योगिक व्यवसाय सम्बन्धि कानुन तथा कार्यपालिकाको नियम अनुसार हुनेछ।

(२) रुग्ण उद्योगलाई दिनुपर्ने छुट सुविधा, सहुलियत वा अनुदान कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**३३. करार गरी उत्पादन गर्न सक्ने :** कुनै उद्योग वा कम्पनि वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब– कन्ट्र्याक्ट) गरी बस्तु वा सेवाको उत्पादन गर्न सक्ने कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवद्धन गृहको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरि करार वा उपकरारका आधारमा निश्चित परिणाममा बस्तु वा सेवाको उत्पादन गरेमा त्यस्तो उद्योग वा कम्पनि वा फर्म वा प्रतिष्ठानलाई छुट, सुविधा वा सहुलियत तोकी स्थानीय सरकारले उपलब्ध गराउन सक्नेछ:–

(क) उद्योग नियमन शाखाले तोके बमोजिम निश्चित परिणाममा बस्तु वा सेवा उत्पादन गरेको।

(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तिमा तिस प्रतिशत मूल्य बृद्धि हुने गरी बस्तु वा सेवा उत्पादन गरेको,

(ग) उद्योगले आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागी निर्यातमूलक उद्योगवा निर्यात प्रवद्धन गृहलाई उपलब्ध गराएको, (घ) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको।

**३४. कोषसम्बधी व्यवस्था:–** (१) उद्योग नियमन शाखाले नगरपालिकाको औद्योगिक विकास, प्रवद्धन तथा संरक्षणका लागि निजि तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :–

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) जोखिम पुँजी कोष,

(ग) प्रबिधि विकास कोष,

(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवद्धन कोष,

(ङ) रूग्ण उद्योग पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापन कोष,

(च) महिला उद्यमशिलता कोष।

(२)  उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र संचालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकाले उपदफा (१) मा उल्लेखित कुनै कोष संचालन गरेको भए त्यस्तो कोष यसै ऐन बमोजिम स्थापना र संचालन भएको मानिनेछ।

३५. **व्यवसायिक सामाजिक जिम्मेवारी :** उद्योगले पुरा गर्नु पर्ने व्यवसायिक सामाजिक जिम्मेवारी प्रचलित कानुन र नियममा तोकिए बमोजिम हुनेछ।

३६. **पुरस्कृत गर्न सकिने :** कार्यपालिकाले स्थानीय उद्योगहरु मध्येबाट आवश्यक मानक तयार गरी उत्कृष्ट उद्योगलाई पुरस्कृत गर्न सक्नेछ।

३७. **बजार प्रबर्द्ध गर्न सक्ने :** कार्यपालिकाले स्थानीय उद्योगहरुको उत्पादनको बजार प्रवद्धन गर्न आवश्यककार्यहरु गर्न सक्नेछ।

३८. **औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्न सक्ने:–** औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी PPE – Public Private Engagement  सरकारी निजि सहकार्यतामा औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

३९. **स्थानीय उद्योगको गुनासो व्यवस्थापन गर्ने:** स्थानीय उद्योगलाई कुनै मर्का परेमा उल्लेखित फेहरिस्त सहितको गुनासो उद्योग नियमन शाखामा पेश गर्न सक्नेछ। उक्त गुनासो उपर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

४०. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४१. **अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने :** कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

४२. **नियम, निर्देशिका, कार्यविधिवा मापदण्ड बनाउने अधिकार :–** यस ऐनलाई कार्यन्वयन गर्न एवं उद्योगको दर्ता, नियमन सम्बन्धि काम कारवाहीलाई सरल बनाउन कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइ लागु गर्न सक्नेछ।

## अनुसूची – १

(दफा १६ को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित )

**घरेलु उद्योगहरु:–**

१. ह्याण्ड लुम, पेडल लुम, सेमी – अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रंगाई, छपाइ, सिलाई(तयारी पोशाक बाहेक ) र बुनाइ,

२. उन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलौंचा, पश्मिना, पोशाक, हातेकागज र सो मा आधारित बस्तु

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला

५. तामा, पित्तल, ढलौट, कांसर जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडा वर्तन तथा हस्तकला सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुनचांदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु (बहुमूल्य, अर्ध – बहुमूल्य तथा साधारण पत्थ र जडान भएका समेत ),

८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामिण छालाबाट हस्त निर्मित बस्तुहरु,

९. जुट, सवाई घाँस, चोया, बाबियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु),

११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृतिक दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने बिभिन्न प्रकारका हस्तकलाका बस्तु,

१४. काठ, हाड, सिङ् तथामाटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने इँटा उद्योग।

अनुसूची – २

(दफा १६ को उपदफा (२) को खण्ड (क) संग सम्बन्धित )

**उर्जामुलक उद्योग:–**

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतहरुबाट उर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन / उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रशारण लाईन,

३. विद्युत वितरण प्रणाली।

अनुसूची – ३

(दफा १६ को उपदफा (२) को खण्ड (ग) संग सम्बन्धित )

**कृषि तथा वन पैदावार आधारित उद्योगः–**

१. फलफुल खेती वा फलफुल प्रशोधन,

२. खाद्य बस्तु प्रशोधन,

३. पशुपालन, पंक्षीपालन (अस्ट्रिचसमेत), पशुपंक्षि प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एबं प्याकेजिंग,

५. रेशमखेती तथा रेशम प्रशोधन,

६. चिया बगान, चिया प्रशोधन,

७. कफी खेती, कफी प्रशोधन,

८. तरकारी बिउ,

९. तरकारीखेती, तरकारी प्रशोधन,

१०. हरित गृह स्थापना र संचालन,

११. मौरीपालन( मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)

१२. पुष्पखेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत, नर्सरी व्यवसाय,

१३. रबरखेती, रबरको प्रारम्भिक प्रशोधन र संचालन, रशितभण्डार,

१४. नगदेबाली व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपट, सजीवन, स्विट सरघम, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसला बालि, दलहन आदि बेत बाँस खेती र बेत बाँसजन्य उत्पादनहरु,

१५. बनस्पति उधान स्थापना र व्यवस्थापन, बनस्पति प्रजनन् व्यवसाय( टिस्यु कल्चर समेत), बिउबिजन प्रशोधन,

१६. अन्य गैर कास्ठजन्य बन पैदावारमा आधारित।

अनुसूची – ४

(दफा १६ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित )

**पर्यटन उद्योग:–**

१. पर्यटनआवास, मोटेल, होटेल, रीजोर्ट तथा रेस्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिंग सेन्टर, क्यासिनो, मसाज स्पा,

३. साहसिक पर्यटन (स्किंग, ग्लाईडीङ्ग, र्याफ्टिङ, हट एअर ब्यालुनिंग, क्यानोनिंग, प्यारा सेलिंग, घोडाचढी, बन्जी जम्पिंग, हिमाल आरोहण र अवलोकन)

४. गल्फ कोर्स, पोलो, पोनीट्रेकिंग, पदयात्रा,

५. ग्रामिण पर्यटन; होमस्टे तथा पर्यावरणीय पर्यटन,

६. मनोरंजन पार्क,

७. वन्यजन्तु आरक्ष,

८. माउन्टेन फ्लाइट संचालन।

अनुसूची – ५

(दफा १६ को उपदफा (२) को खण्ड (च) संग सम्बन्धित)

सुचना संचार प्रबिधिमा आधारित उद्योग:–

**क. सुचना प्रबिधि उद्योग**

(१) टेक्नोलोजी पार्क,

(२) आइ.टि. पार्क,

(३) बायोटेक पार्क,

(४) सफ्टवेयरविकास,

(५) कम्प्युटर तथा सम्बन्धित सेवाहरु,

(६) तथ्यांक प्रसोधन,

(७) साइबर क्याफे

(८) डिजीटल म्यापिंग (९) डाटा माइनिंग

**ख. सुचना, प्रसारण प्रबिधिमा आधारित उद्योग:–**

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू–सतही टेलिभिजन, स्याटेलाईट टेलिभिजन, केबुल टेलिभिजन,

(३) अनलाईन सेवा

(४) डिजिटल केबुल टिभी नेटवर्क

(५) रेकोर्डिंग स्टुडियो, प्रशारण स्टुडियो,

(६) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, बिज्ञापन निर्माण उद्योग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हाल, फिल्म सिटि निर्माण, फ्लिम स्टुडियो निर्माण

## अनुसूची–६

(दफा १६ को उपदफा (२) को खण्ड (६) संग सम्बन्धित)

### सेवामुलक उद्योग

(१) यान्त्रिक कार्यशाला (वर्कशप),
(२) छापाखाना तथा छपाई सम्बन्धी सेवा,
(३) पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,
(४) प्रदर्शनी सेवा,
(५) सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
(६) निर्माण व्यवसाय,
(७) सार्वजनिक यातायात व्यवसाय,
(८) फोटोग्राफी,
(९) अस्पताल,
(१०) नर्सिङ्ग होम,
(११) शिक्षण एवं प्रशिक्षण संस्था,
(१२) पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,
(१३) प्रयोगशाला,
(१४) खेलकूद सेवा,
(१५) शीत भण्डार सञ्चालन (गैह कृषिजन्य),
(१६) हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,
(१७) फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनः प्रशोधन,
(१८) घर जग्गा खरिद गरी भूमि विकास गरी विक्री गर्ने व्यवसाय,
(१९) निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन
(२०) पशु चिकित्सा सेवा,
(२१) व्याट्री रिचार्जिङ्ग,
(२२) स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
(२३) खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,
(२४) कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),
(२५) कार्गो व्यवसाय,
(२६) प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत),
(२७) कुरियर सेवा,
(२८) ड्राइक्लिनिङ्ग व्यवसाय,
(२९) व्यूटी पार्लर,
(३०) आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

(३१) सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,
(३२) प्रकाशन सेवा,
(३३) विज्ञापन सेवा,
(३४) विज्ञापन सामग्री तयार गर्ने सेवा,
(३५) टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन प्रसारण,
(३६) स्वाइल टेष्टिङ्ग सेवा,
(३७) स्वास्थ्य (हेल्थ) क्लव,
(३८) पानी ढुवानी तथा वितरण सेवा,
(३९) जुलोजिकल पार्क सञ्चालन,
(४०) जियोलोजिकल पार्क सञ्चालन,
(४१) व्यवसाय संवर्धन सेवा (विजिनेस इन्क्यूबेसन सर्भिस),
(४२) व्यापारिक कम्प्लेक्स सञ्चालन,
(४३) वायोटेक पार्क,
(४४) सिनेमा हल,
(४५) मल्टिप्लेक्स थियटर,
(४६) सिलाई बुनाई,
(४७) ढुवानी सेवा,
(४८) नक्शा डिजाइन सम्बन्धी सेवा,
(४९) अनुसन्धान तथा विकास सेवा,
(५०) यस्तै प्रकृतिका अन्य उद्योगहरु।

# अनुसूची-७

(दफा १६ को उपदफा (२) को खण्ड (ज) संग सम्बन्धित)

## स्थानीय प्राथमिकता प्राप्त उद्योग

(१) ऊर्जामूलक उद्योगहरु,

(२) होटल तथा रेष्टुरेण्ट,

(३) पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यापर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, वाटर याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण,

(४) कृषि तथा वन पैदावारमा आधारित उद्योग,

(५) निर्यातमूलक उद्योग,

(६) निर्माण उद्योग,

(७) खनिज तथा खानीमा आधारित उद्योग, प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन गर्ने उद्योग,

(८) स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिष्ङ्गर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दुध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

(९) दुर्गम तथा अविकसित क्षेत्रमा स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु ।

अनुसूची–८

**दफा ४ को उपदफा (१)सँग सम्वन्धित दरखास्त पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ।

विषय : उद्योग दर्ता गरिपाउँ।

मैले निम्न बमोजिम व्यवसाय दर्ता गर्न ईच्छुक भएकोले आवश्यक कागजातहरु यसै साथ संलग्न गरी यो दरखास्त पत्र पेश गरेको छु। मैले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो छ, झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउला।

विवरण

**१. व्यवसायकोपूरा नाम (नेपालीमा) :**

**२. व्यवसायको पूरा ठेगाना :**

**३. पुँजी रु. :**

**६. कारोवार गर्ने चीज बस्तुको विवरण :**

**७. व्यवसायको किसिम :**

**८. प्रोप्राईटरको पूरा नामर ठेगाना :**

**९. प्रोप्राईटरको तीन पूस्ते नाम र ठेगाना :**

(क) बाजेको नाम र ठेगाना :

(ख) बाबुको नाम र ठेगाना :

(ग) विवाहित महिला भए पतिको नाम र ठेगाना :

१०. संलग्न कागजातहरु :

(क) व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपि

(ख) हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति

(ग) मूल्य अभिवृद्धि कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

(घ) घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा सम्झौतापत्र

(ङ)सामुहिक व्यवसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन

(च) वडा कार्यालयको सिफारिस पत्र

(ज) अन्य ...

**<u>साक्षी निवेदक</u>**

दरखास्तवालाको माथि लेखिए बमोजिमको व्यहोरा सम्पर्क नं. :
दुरुस्त छ भनी सनाखत गर्नेको
लेखात्मक सही : पूरा नाम : रेखात्मक सही :
पूरा ठेगाना : दाँया वाँया
नागरिकता नं. र जिल्ला:

कवुलियतनामा

यो ..................................नामको व्यवसाय दर्ता हुनु भन्दा पहिले अरु कसैले यो उद्योगको नामसंग मिल्ने गरी व्यवसाय दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो उद्योगको नाम खारेजी गरि अर्को नाम राखी उद्योग दर्ता गर्न आउने छु। सूचनामा उल्लेखित म्यादभित्र नआएको कारणले व्यवसाय स्वत: खारेज गरिएमा पछि कुनै दावि गर्ने छैन।

१. यस भन्दा अगाडी मेरो नाउमा अरु कुनै उद्योग दर्ता गरी राखेको छैन।

२. प्रचलित ऐन, नियम तथा कानुनमा उल्लेखित गरिएका शर्तहरु उल्लंघन गरेमा प्रचलित कानुन बमोजिम सहुला बुझाउला।

दस्तखत :

प्रोप्राईटरको पूरा नाम :

ईति सम्वत २०.................साल.....................महिना.................गते रोज..................शुभम्।

टिप्पणी

(कार्यालयले मात्र भर्ने)

श्रीमान

..................................नामको व्यवसाय ..................................नाममा दर्ता गर्न आवश्यक हुने सवै कागजातहरु निवेदनका साथ रितपूर्वक पेश हुन आएको देखिँदा माग बमोजिम दर्ता गरी दिन मनासिव देखिएकाले दस्तुर वापत रु.............शुल्क लिई निजको नाममा व्यवसाय दर्ता गरी प्रमाणपत्र दिन मनासिव देखिएकाले निर्णयार्थ पेश गरेको छु।

पेश गर्ने सदर गर्ने

अनुसूची–९
दफा ४ को उपदफा (३) सँग सम्वन्धित
बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ

उद्योग दर्ता प्रमाणपत्र

दर्ता नं. : मिति :

निम्न लिखित विवरण भएको.................................................................नामको उद्योगलाई मिति...........................मा बेसीशहर नगरपालिकाको ....................को दफा ४ को उपदफा (३) बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिईएको छ।

**विवरण**
प्रोप्राईटरको नाम थर, वतन :
हालको ठेगाना :
प्रोप्राईटरको नागरिकता नं. :
व्यवसाय रहने ठेगाना :
पुँजी :
व्यवसायको किसिम :

.....................................
प्रमुख प्रशासकीय अधिकृत

१. यो प्रमाणपत्रको म्याद व्यवसाय दर्ता गरिएको आर्थिक वर्षको अन्त्यसम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए बमोजिम बहाल रहने हुनाले अवधि समाप्त हुनु भन्दा अगावै अनिवार्य रुपमा नवीकरण गराई सक्नु पर्नेछ।
२. कारोवार गर्ने मुख्य चिज बस्तुको विवरण र पालना गर्नुपर्ने अन्य शर्तहरु यसै प्रमाणपत्रसाथ संलग्न पत्रमा उल्लेख गरिएको छ।
३. व्यवसायको लागि अनुमति लिनुपर्ने विषयमा सम्वन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नुपर्नेछ। यसै दर्तालाई नै उदेश्य कार्यान्वयन गर्ने ईजाजत प्रदान गरेको मानिने छैन।
४. सम्पती शुद्धिकरण निवारण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्वन्धि कानुन वा सो अन्र्तगत बनेका नियम, निर्देशन, आदेश वा सम्वन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ।
५. धनीले आफ्नो व्यवसायको नाम, ठेगाना, दर्ता नं. र मिति प्रष्ट रुपमा उल्लेख भएको साईनवोर्ड र आफुले कारोवार गर्ने बस्तु वा सेवाको प्रचलित कानुन वमोजिमको मूल्यसूची कारोवार स्थलमा राख्नु पर्नेछ।

अनुसूची–१०

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेसीशहर नगरपालिकाको कार्यालय, बेसीशहर लमजुङ।

विषय : पूँजी बृद्धि/शाखा थप/कारोवार थपघट/ठाउँसारी/नामसारी/नाम परिवर्तन/खारेजी।

उपरोक्त सम्वन्धमा मेरो/हाम्रो नाममा दर्ता रहेको ..............................व्यवसायमा तपशिलमा उल्लेख भए अनुसार पूँजी बृद्धि/शाखा थप/कारोवार थपघट/ठाउँसारी/नामसारी/नाम परिवर्तन/खारेजी सम्वन्धि काम गरिदिनु हुन आवश्यक कागजातहरु सहित निवेदन गरेको व्यहोरा अनुरोध छ।

**नविकरण**

मेरो/हाम्रो .................................नामको र.नं...............को व्यवसाय नवीकरण गरिदिन हुन।
व्यवसायको नाममा सरकारी तिर्न बुझाउन केही बाँकी छैन भएमा कानुन बमोजिम बुझाउला।

**पूँजी वृद्धि**

साविक पूँजी रु.......................रहेकोमा पूँजी बृद्धि गरी रु..............................कायम गरीदिन हुन।

शाखा थप बर्दिया जिल्ला गेरुवागाउँपालिका वडा नं.........को..................मा शाखा कायम गरिदिन हुन।

**कारोवार थपघट**

साविक कारोवारमा .......................................................................थप गरिदिन हुन।
साविक कारोवारबाट.......................................................................हटाई दिन हुन।

**नामसारी**

साविकको प्रोप्राईटरको नाम ठेगाना र ना.प्र नं..............................................................
हालको प्रोप्राईटरको नाम ठेगाना र ना.प्र नं...................................................................

**नाम परिवर्तन**

व्यवसायको साविकको नाम :.........................................................................................
व्यवसायको परिवर्तन गर्नुपर्ने नाम..............................................................................

**खारजी**

खारेजी मेरो/हाम्रो ................................नामको र. नं..............को व्यवसायलाई खारेजी गरिदिन हुन। व्यवसायको नाममा सरकारी तिर्न बुझाउन केही बाँकी छैन भएमा कानुन बमोजिम बुझाउला।

निवेदक

दस्तखत :..................................................

प्रोप्राईटरको नाम..........................................

व्यवसायको नाम .............................................

व्यवसाय रहने ठेगाना.....................................

सम्पर्क फोन नं..........................

(टिप्पणी)

(कार्यालयले मात्र भर्ने)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

निवेदकले नियमानुसार निवेदन पेश गरेको र निवेदकको माग अनुसारका काम गर्न कानुन अनुसार मनासिव देखिएको र निजले सो वापत कार्यालयलाई बुझाउनुपर्ने राजश्व रु......................................... बुझाई रसिद समेत पेश गरेकाले निर्णयार्थ यो टिप्पणी पेश गरेको छु ।

पेश गर्ने सदर गर्ने

आज्ञाले,

चेतनाथ अर्याल

प्रमुख प्रशासकिय अधिकृत

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । मूल्य रु.१५।–